**<u>For detail contact:</u> Association of Political Science Students (APSS), GPO 5639, Rudramati Way, Gyaneshwore, Kathmandu, Tel: +977 1 4434 715, Fax: +977 4436 040, Email: info@apssnepal.org**

**कार्यक्रमको पृष्ठभूमी**

नेपालमा प्रजातन्त्र स्थापनाको झण्डै ६ दशक पछि पनि संविधान सभाको निर्वाचन अझै एउटा प्रमुख राजनीतिक मूद्दाको रुपमा रहेको छ । २००७ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलन र २०४६ सालको प्रजातन्त्र पून:स्थापनाको आन्दोलनमा पनि संविधान सभा एउटा प्रमुख मागको रुपमा अगाडी आएको थियो ।



**Participants and key speakers busy in discussion**

२०१४ साल माघ १९ गते राजा महेन्द्रले विधान परिषदको चुनावलाई संसदिय निर्वाचनमा बदल्ने दुस्साहस गरे पछि मूर्तता पाउन नसकेको संविधान सभा निर्वाचन २०४६ सालको जन आन्दोलन पछि राजनीतिक दल तथा दरवार बिच सम्झौता भई नयाँ संविधान बनाउने तयारी गरिएपछि पून:ओझेलमा पर्न गयो ।

२०६२ सालमा परिवर्तित राजनीतिक परिस्थिती (असोज १८, २०५९ र माघ १९, २०६१ मा राजाले राज्य सत्ता हातमा लिएका र संसदवादी ७ दल र ने.क.पा. माओवादी बिच मंसिर ८, २०६२ मा १२ बुदे सम्झौता भएको स्थिती) मा संविधान सभाको निर्वाचन राजनीतिक वृत्तमा पून: चर्चाको विषय हुन थाल्यो । २०६२-२०६३ को जन आन्दोलन पछि संविधान सभा एक प्रमुख मागको रुपमा अगाडी बढ्यो । त्यसपछि सफल जन आन्दोलन पछि बसेको पूर्नस्थापित संसदको पहिलो बैठकले विभिन्न ऐतिहासीक निर्णय सँगै संविधान सभाको निर्वाचन गर्न संकल्प प्रस्ताव पारित गऱ्यो । फलस्वरुप झण्डै ६ दशक देखी निर्वाचन गर्ने नेपाली राजनीतिमा थाँति रहेको संविधान सभाको निर्वाचन मूद्दाले निकास पाउने सम्भावना देखियो । साथै संविधानसभाको निर्वाचनको औपचारिक बहस र प्रारम्भिक तयारीको शुरुवात भयो ।

विगतमा राजनीतिक दलहरुले प्रमुख एजेण्डाको रुपमा उठाउन नसकेका त्यस विचमा अन्य अस्वस्थ राजनीतिक चलखेल र राजनीतिक नेतृत्वको अदुरदर्शिताका कारण सधैं ओझेलमा पर्दै आएको संविधान सभाको निर्वाचनले जन आन्दोलन भाग–२ को सफलतासँगै मुलुकभर जन बहसमा प्राथमिकता पाएको थियो । साथै संविधानसभाको निर्वाचन मार्फत शान्ति, विकाश र संघीय लोकतान्त्रिक नयाँ नेपाल निर्माणको दिशामा द्रुतगतीमा अघि बढ्नेछ भन्ने आम जनविश्वास रहेको थियो । तर प्रथमपटक २०६४ जेष्ठ २६ गते हुने घोषणा गरिएको संविधानसभाको निर्वाचन सम्पन्न गर्न ८ राजनीतिक दलहरुले जिम्मेवारीपूर्वक आवश्यक तयारी र निर्णय गर्न नसक्दा अन्ततोगत्वा ८ दलको शिर्ष नेताहरुको बेठकद्वारा मंसिर ६ गते गर्ने घोषणा गरियो । तर यस विचमा विकशित विभिन्न घटनाहरु, प्रमुख राजनीतिक दलहरुका वीच आपसी असहमती र अविश्वास, संविधानसभा र संघिय लोकतान्त्रिक नेपालवारे उनीहरुको अष्पस्ट दृष्ट्रिकोण, आपसी विवाद र उपयुक्त निर्वाचन प्रक्रिया र प्रणलीवारे आवश्यक निर्णय गर्न भएको ढिलासुस्ती र मधेशी, जनजाती, महिला, दलितहरुको आन्दोलन र माग प्रति राजनीतिक दलहरु र सरकारको वेवास्ताका कारण संविधानसभाको निर्वाचन नै हुन्छ की हुदैन भन्ने द्विविधा आम जनतामा पर्न गयो ।

त्यसै गरी संसद र सरकारमा रहेर पनि अराजक कियाकलाप गरिरहेका माओवादिका भातृसंगठनहरु र त्यसलाई वेवास्ता गरिरहेको नेतृत्व पंक्तिका कारण उनिहरु संविधान सभा र शान्ति प्रकृया प्रति प्रतिवद्ध नरहेको देखाउँथ्यो । साथै आफ्ना विगतमा पकड रहेका क्षेत्रमा अन्य राजनीतिक दलहरुलाई स्वतन्त्ररुपमा कार्यक्रम गर्न नदिने तथा राजनीतिक गतिविधिमा प्रतिबन्ध लगाउने जस्तो माओवादिका व्यवहारका कारण पनि संविधान सभा स्वच्छ र निर्भीक रुपमा सम्पन्न हुन नसक्ने देखिन्छ । त्यसैगरी मधेसी, दलित, जनजातीहरुसंग वार्ता गरी सरकार ठोस निर्णयमा पुग्न नसक्नु र तराइमा हत्या, हिंसा, अराजकता जस्ता कियाकलाप गरिरहेका बिभिन्न शसस्त्र संगठनहरुको चलखेलका कारण संविधानसभा स्वच्छ, निश्पक्ष र भय रहित वातावरणमा सम्पन्न हुन नसक्ने कुरामा बल मिलेको यस्तो अवस्थामा संविधानसभाको निर्वाचन गरिएमा मुलुकको राजनीति हिंसा र भिडन्त तर्फ जान सक्ने खतरा रहेको छ । फलस्वरुप संविधान सभा निर्वाचनको सार्थकता प्रति नै प्रश्न चिन्ह खडा हुन्छ ।

यसै सन्दर्भमा राजनीतिशास्त्र विद्यार्थी संघले "आसन्न संविधानसभाको निर्वाचन र सुरक्षा व्यवस्थामा युवा विद्यार्थी, नागरीक समाज राजनीतिक दल तथा अन्तराष्ट्रिय समुदायको भूमिका" बिषयक १ दिने कार्यशाला गोष्ठिको आयोजना गऱ्यो ।

समसामयीक राजनीतिक घटनाहरुको अध्ययन गर्ने तथा युवा विद्यार्थीहरुलाई दैनिक राजनीतिक कियाकलाप तथा घटनाहरुवारे सचेतना जगाउन स्थापना भएको यस संघले मुलुक संविधान सभा तर्फ अग्रसर भइरहेको वेला देखिएको राजनीतिक, सामाजिक घटनाहरुको कारण युवा तथा आम जनमानसमा खस्कदो शान्ति सुरक्षाको अवस्थामा पर्न गएको संविधानसभाको निर्वाचन हुने कि नहुने भन्ने आशंका अनिश्चयतालाई युवा-विद्यार्थी नेता, तराईका विभिन्न क्याम्पसका स्ववियुका नेताहरु, नागरिक समाज प्राध्यापक तथा राजनीतिक विश्लेषक र अन्तराष्ट्रिय समुदायका प्रतिनिधीहरुले कसरी लिएका छन्, उनीहरुको धारणा के रहेको छ ? र आसन्न संविधानसभाको निर्वाचनलाई कसरी स्वस्थ र निष्पक्ष रुपमा भय रहित वाताबरणमा सम्पन्न गराउन सकिन्छ ? र यसमा उनीहरुको भूमीका के रहन्छ ? उनीहरुको धारणा र प्रतिबद्धतावारे स्पष्ट हुनका लागि यो कार्यक्रम गरिएको हो । यो कार्यक्रम राजनीतिशास्त्र विद्यार्थी संघ र तराई र काठमाण्डौ उपत्यकाका १५वटा स्ववियुले संयुक्त रुपमा अयोजना गरिएको हो ।

**अभिव्यक्ति ,मन्तव्य, विचार र धारणा**

यस कार्यक्रमको सुभारम्भ राजनीतिशास्त्र विद्यार्थी संघका अध्यक्ष श्री राजेन्द्र प्रसाईको स्वागत मन्तव्य बाट भयो । उहाँले उक्त अवसरमा संस्थाको परिचय र कार्यक्रमको उदेश्यबारे प्रकाश पार्नुभयो । त्यसलगतै विद्यार्थी नेता तथा स्ववियु प्रतिनिधिहरुले आफ्ना धारणा राख्नु भयो । सबै विद्यार्थी नेता तथा प्रतिनिधिहरुको धारणा सुनिसकेपछि राजनीतिक दलका नेता, अन्तराष्ट्रिय समुदायका प्रतिनिधि र राजनीतिक विश्लेषक तथा प्राध्यपकहरुले विद्यार्थीहरुको धारणा माथि प्रतिक्रिया व्यक्त गर्नुभएको थियो ।

**राजेन्द्र प्रसाई (अध्यक्ष, राजनीतिशास्त्र विद्यार्थी संघ)**

लोकतान्त्रिक सरकारको दायित्व संविधान सभा निर्वाचन गर्नुमात्र होइन, शान्ति सुरक्षाको व्यवस्था गर्न र मुलुकमा Law and order बहाली गर्नु हो ।

संविधान सभाको निर्वाचनका विभिन्न पक्षहरुमध्ये शान्ति सुरक्षा एउटा महत्वपूर्ण विषय हो । आफुलाई लोकतान्त्रिक सरकार भन्न रुचाउने वर्तमान सरकारले संविधान सभा निर्वाचन को तयारीको सिलशिलामा शान्ति सुरक्षालाई चुस्त दुरुस्त पार्न तयारी गर्नु आवश्यक छ ।

**संजय कुमार यादव**
**स्ववियु सभापति**
**(SSMY बहुमुखी क्याम्पस, सिराहा)**

संविधान सभाको निर्वाचन बिना मधेसी, जनजाति, दलित, महिलाहरुको मागको सम्बोधन र उनीहरुको भविष्यको सुनिश्चितता हुदैन । तर्सथ हामी सबै युवा विद्यार्थीहरु मिलेर संविधान सभा विथोल्नेहरुसँग मुकावला गर्नुपर्छ ।

तराईमा विभिन्न शसस्त्र संगठनहरु बनेका छन् । उनीहरु तराईमा आफ्ना अराजक गतिविधि, हत्या, हिंसा, आतंक जस्ता क्रियाकलाप गरिरहेका छन् । उद्योगी, व्यापारी र अन्य जनसाधरणहरु उनीहरुको अराजकता भोग्न वाध्य छन् । गाउँघरमा राज्य र गृहप्रसाशनको उपस्थिती नै देखिदैन । सरकारी कार्यलयमा कर्मचारीहरु छैनन् । यसतर्फ राष्ट्रिय मुलधारका राजनीतिक दलहरुले आवाज उठाएका छैनन् । यसबाट उनीहरु संविधान सभा निर्वाचन प्रति नरहेको देखाउछ ।

**उमेश चौधरी**
**स्ववियु सभापति**
**रामस्वरुप बहुमुखी क्याम्पस, जनकपुर**

जवसम्म आठ दल गाउँ-गाउँमा जान सक्दैनन्, तव सम्म संविधान सभा नचाहनेहरुले खेल्ने मौका पाउदछन् । अहिले तराईमा राजनीतिक दलहरुको उपस्थिती नै छैन । साथै उनीहरुमा तराई प्रति स्पष्ट दृष्ट्रिकोण पनि छैन । त्यसैले मधेसमा चलिएको असन्तोषको Sentiment लाई मधेसी जनाधिकार फोरम तथा अन्य शसस्त्र संगठनले नेतृत्व गरेका छन् । जनतान्त्रिक तराई मक्ति मोर्चा तथा अन्य शसस्त्र संगठनहरु केहि व्यक्तिहरुको संगठन हो । उनीहरु संविधान सभालाई सुरक्षित र भय रहित वातावरणमा सम्पन्न गराउनको लागि चुनौतीको रुपमा देखिएका छन् । उनीहरुको नियत संविधान सभा मार्फत नयाँ नेपाल निर्माणका लागि खराब हुन सक्छ तर उनीहरुले उठाइरहेको Sentiment का Issues हरु भने जायज छन् ।

संविधान सभाको निर्वाचनलाई सफल बनाउन Lobbing, Advocacy गर्न तथा Awearness Programe संञ्चालन गर्न आवश्यक छ । यस्ता कार्यक्रमहरु तराईमा लानु जरुरी छ । यसको लागि राजनीतिक दल, अन्तरराष्ट्रिय समुदाय, नागरिक समाज र सरकारले सहयोग गर्नु पर्छ र हामी युवाहरु भने त्यस्ता कार्यक्रमहरु गाँउ-गाँउमा लैजान र विस्तार गर्न तयार छौ ।




**Free Students' Union President Jit Bahadur Sherchan, Umesh Chaudhary, Vice-President Rajkumar Dhungana, President Sanjaya Kumar Yadav of Tahachal Kathmandu, RRB Janakpur, Chahabil, Siraha Campus respectively, and APSS President Rajendra Prasain in the workshop.**

**वैकुण्ठ श्रीवास्तव**
**स्ववियु सभापति**
**ठाकुरराम बहुमुखी क्याम्पस, विरगंज**

संविधान सभाको निर्वाचन नयाँ संविधान र नयाँ नेपालको निर्माणको लागि हो । यसको सफलताको लागि दलहरु ढिलो भएपनि हामी युवा विद्यार्थीहरु ढिलो नगरौ । जन सचेतना कार्यक्रम लिएर आ-आफ्नो ठाँउबाट अगाडी बढौ । राजनीतिक दलहरुलाई दवाव दिऔ र वाध्य पारौ कि संविधान सभाको निर्वाचन तोकिएको मितिमा सम्पन्न होस् । मधेसका जनताहरुको भावनालाई जव राजनीतिक दलहरुले उपेक्षा गरेको अनुभव भयो । तव मधेसमा आन्दोलन शुरु भयो । राजनीतिक दलहरुको तराइमा भएको पकड अर्काको हातमा गयो फोरम र जनतान्त्रिकहरुको हातमा राजनीतिक लगाम गयो । अहिले अरु विभिन्न शसस्त्र संगठनहरु त्यहि Sentiment लाई लोभ्याउन लागिपरेका छन् ।

**रोहणी पौड्याल**
**स्ववियु सचिव**
**पूल्चोक इन्जिनियरिङ्ग क्याम्पस**

जन आनदोलन भाग-२ पछि मुलुकमा समस्याहरु धेरै देखिएका छन् । ति समस्याहरु किन आए ? हामी युवाहरु पनि त्यो परिस्थिती सृजना हुनमा दोषि हौ । किनभने जन आन्दोलनमा हामी गोली थाप्न पनि अगाडी बढ्यौ तर मुलुकका समस्या समाधानका लागि सरकारलाई दववा दिन सकेनौ । हामी युवाहरु जिम्मेवार रुपमा अगाडी बढ्न सकेनौ र राजनीतिक दलहरुले पनि आफ्नो जिम्मेवारी पूरा गर्न सकेनन् । संविधान सभाको निर्वाचन सफल बनाउन युवा, राजनीतिक दल, नागरिक समाज र अन्तरराष्ट्रिय समुदाय संयुक्त रुपमा एउटा कार्यक्रम लिएर अगाडी बढ्ने हो भने जस्तो सुकै समुदायहरुलाई पनि चिरेर अगाडी बढ्न सकिन्छ ।

**नविना लामा**
**स्ववियु सभापति**
**बानेश्वर बहुमुखी क्याम्पस, काठमाण्डौ**

विश्व इतिहास र नेपालको इतिहासमा पनि युवाहरु कुन आन्दोलनमा परिचालन हुनु मात्र ठूलो कुरा होइन । उनीहरु कस्ता विचार धाराले निर्देशित भएर आन्दोलनमा भाग लिन्छन् त्यो महत्वपूर्ण हो ।

अहिलेको नेपालको सन्दर्भमा संविधान सभाको निर्वाचन नहुनुको अर्थ सरकार असफल हुनु हो । लोकतान्त्रिक सरकार असफल हुनु भनेको लोकतान्त्रिक आन्दोलनमा सहभागी हामी युवाहरु असफल हुनु हो । संविधान सभा अहिले हाम्रो राष्ट्रियता र हामी सफलताको युवाहरुको लागि राजनीतिक भविष्यसँग सम्बन्धित छ । तसर्थ संविधान सभाको सफलताको लागि जिम्मेवार रुपमा अगाडी बढ्न हामी युवाहरुको जिम्मेवारी हो ।

**जीत बहादुर शेचन**
**स्ववियु सभापति**
**महेन्द्र रत्न क्याम्पस, ताहाचल**

गाउँ-गाउँमा गएर युवा, किसान, गोठाला, महिलाहरुलाई समेत संविधान सभा मार्फत उनीहरु अधिकार सम्पन्न र न्यायमुलक शासन व्यवस्थामा प्रवेश गर्न सक्छन् भन्ने सचेतना र आत्मविश्वास बढाउने कार्यक्रमहरु गर्न आवश्यक छ । जुन आन्दोलन सफल गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका नागरिक समाजका व्यक्तिहरु संविधान सभालाई सफल गराउन जन सचेतना कार्यक्रम लिएर अगाडी बढेको देखिदैन । यो संक्रमणकालिन अवस्थामा पक्कै उनीहरुको भूमिका कम हुने अवस्था होइन ।

राजनीतिक दलहरु संविधान सभाबारे स्पष्ट दृष्ट्रिकोण बनाउनुको साटो निष्कृयरुपमा बसेका देखिन्छन् । अझ ने.क.पा. माओवादीका भातृ संगठनहरुको बन्द, हड्ताल जस्ता कार्यक्रमको घोषणाबाट त उनीहरु संविधान सभा प्रति प्रतिबद्ध नरहेको देखाउछ । नया कुरा निर्दिष्ट गर्ने विचारका साथ राजनीतिक दलहरु, मधेसी, जनजाति, दलित, महिलाहरुको संविधान सभाको निर्वाचन सम्पन्न गराउन एकिकृत रुपमा अगाडी बढ्न आजको आवश्यकता हो ।

**नवराज थपलिया**
**स्ववियु सभापति**
**ल क्याम्पस, काठमाण्डौ**

विश्व इतिहासलाई हेर्ने हो भने द्वन्द्व पछि संविधान सभाको निर्वाचनलाई सहज रुपमा सम्पन्न गराउन द्वन्द्वमा सहभागी सबै पक्षहरुका बिच आपसी सद्भाव र मेलमिलापको वातावरण चुनाव अघि नै बन्नु पर्ने हुन्छ । यसको

अभावमा संविधान सभाको निर्वाचनलाई अपराधिक तत्वहरु नै संविधान सभाको निर्वाचनमा उठ्ने वातावरण बने संविधान सभाको सार्थकता नै समाप्त हुन्छ ।

**राजकुमार ढुङ्गाना**
**स्वविय उपसभापति**
**पशुपति बहुमुखी क्याम्पस, काठमाण्डौ**

अहिले नेपालमा संविधान सभाको बाधक तत्वको रुपमा ४ वटा कारणहरु देखा परेका छन्, ति हन्ः-

क) नेपाली कांग्रेस र ने. का. प्रजातान्कि बिच एकिकरण नहुनु

ख) ने.क.पा. माओवादीका भातृ संगठनको अराजक कृयाकलाप

ग) दरवारिया राजावादीहरुको संविधान सभा विरोधी चलखेल

घ) तराईमा विभिन्न शसस्त्र समुहहरुको चलखेल

अहिले युवाको काँधमा धेरै ठूलो जिम्मेवारी आएको छ । उनीहरुले संविधान सभालाई सार्थक निचोडमा पुऱ्याउन राजनीतिक जागरणको कार्यक्रमहरु दुर्गम भेग तथा तराइ र पहाडी गाउँ-गाउँमा लैजान आवश्यक छ । साथै राजनीतिक दल, नागरिक समाज र अन्तरराष्ट्रिय समुदाय पनि चनाखो भएर अगाडी बढ्नु आवश्यक छ ।

**नवराज पौड्याल**
**स्ववियु सभापति**
**नेपाल मानविकी क्याम्पस, काठमाण्डौ**

अन्तरिम संविधानमा राजतन्त्रको अस्तित्वलाई जर्वजस्ति रुपमा उल्लेख गरिने कार्य राजनीतिक दलहरुले नै गरे । यो जन आन्दोलनको म्यान्डेट र युवाहरुको भावनाको विपरित नै थियो । राजनीतिलाई सहि दिशामा लाग्न हामी युवाले दवाव दिन सकेनौ ।

आफु जित्ने परिस्थिती निर्माण नभए निर्वाचनमा नजाने राजनीतिक दलको सोच Autocracy नै हो । संविधान सभाको निर्वाचन सफल गराउन राजनीतिक दलहरुले गाउँ-गाउँमा आफ्ना स्पष्ट कार्यक्रम लैजान आवश्यक छ । राज्यले संविधान सभाको निर्वाचनका लागि राज्य निर्देशिक सिद्धान्त बनाउन आवश्यक छ । साथै संविधान सभाको निर्वाचन मंसिर ६ गते नै भयरहित वातावरणमा स्वच्छ र निश्पक्ष रुपमा सम्पन्न गराउनु पर्दछ ।

**रामवाबु यादव**
**नेपाल विद्यार्थी मञ्च**

सुगौली सन्धी देखि नै मधेसीहरुलाई राज्यको मूलप्रवाह बाट अलग्गाइयो । सन् १९५० को सन्धी पछि पनि मधेसीहरु राज्यको मूल प्रवाहबाट अलग नै भए । त्यसैगरि जन आन्दोलन भाग-२ पछि बनेको अन्तरिम संविधानमा उत्पिडीतहरुको आवाज समावेश भएन । तसर्थ तराईमा आफ्नो अधिकार प्राप्त गर्नको लागि आन्दोलन शुरु भयो । अहिले मधेसमा त्यहि मधेसी आन्दोलनको Sentiment लाई लिएर विभिन्न शसस्त्र समुहहरु अस्तित्वमा आएका छन् । त्यसैले अब सरकार र प्रमुख राजनीतिक दलहरुले मधेस समस्यालाई राम्ररी समाधान गर्नु पर्दछ । शान्तिपूर्ण रुपमा संविधान सभाको निर्वाचन हुने वातावरण तयार गर्नुपर्दछ । संघिय, लोकतान्त्रिक नयाँ नेपाल आवश्यक हुन्छ । यसको लागि सबै सम्बन्धित पक्षहरु एक भएर अगाडी बढ्न आवश्यक छ ।

**मिनेन्द्र रिजाल**
**ने.का. (प्रजातान्त्रिक)**

यस कार्यक्रममा व्यक्त युवाहरुको विचार भन्दा राजनीतिक दलहरुको विचार भिन्न छैन । हामी युवाहरुको विचारलाई सम्मान गर्छौ । मधेसी, जनजाति, दलित, महिलाहरुको भविष्य र नयाँ नेपालको सम्बन्ध संविधान सभाको सफलता सँग सम्बद्ध छ । अहिले मधेसी जनताको मन हामी राजनीतिक कर्मीहरुले जित्न सकेका छैनौ । तर संविधान सभाको निर्वाचन पछाडी सर्दै जादा मधेसी जनताको मागको सम्बोधन पनि पछाडी नै सर्दै जान्छ । संविधान सभाको निर्वाचन नहुन मुलुकका लागि दुर्भाग्यपूर्ण  सावित हुन्छ ।

माओवादी सित दलहरुको सहयात्रा हो । त्यसैले माओवादीको अस्तित्व सिध्याएर नयाँ नेपाल बन्छ भने हामीलाई पनि लाग्दैन तर माओवादीको समानान्तर सरकारको जस्तो कृयाकलाप जारी रहेसम्म यो देशमा संविधान सभाको निर्वाचन सफल हुन सकदैन र शान्ति र प्रजातन्त्रका लागि माओवादी कति प्रतिबद्ध र उदार भन्ने कुरा जनताहरुले नै फैसला गर्ने छ ।

**लक्ष्मण अर्याल**
**पूर्व न्यायधिस, सर्वोच्व अदालत तथा संयोजक अन्तरिम संविधान मस्यौदा आयोग**

सबै किसिमका नेपालीहरुलाई सार्वभौमसत्ता सम्पन्न हुन निधो गर्ने काम संविधान सभाको निर्वाचनले गर्छ । नयाँ नेपाल बनाउने प्रथम कदम संविधान सभाको निर्वाचन नै हो । किनभने संविधान सभाको मार्फत नयाँ संविधान र नयाँ संविधान अनुसार नयाँ नेपाल निर्माण गर्ने हो । आजसम्म नेपालमा भएका सबै किसिमका आन्दोलनहरु संस्थागत हुन सकेका छैनन् र यसलाई संस्थागत गर्ने काम पनि संविधानक सभा मार्फत नै हुन्छ ।

मुलुकमा समस्या बढ्नुको कारण युवाहरु कृयाशिलतामा कमि हुन हो । तराई समस्या किन बढ्यो ? किनकि हामीहरु समस्या सावाधानका लागि अगाडी बढेनौ । युवाहरुले आफ्नो राजनीतिक, सामाजिक दायित्वहरुलाई वेवास्ता गरे । युवाहरुको कृयाशिलता र जागरणले मात्र संविधान सभाको निर्वाचन सम्भव छ । साथै संविधान सभालाई सफल गराउन संविधान सभा चाहने सबै पक्षहरु हातमा हात मिलाएर अगाडी बढौ ।

**प्रा. कृष्ण पोखेल**
**प्राध्यापक, त्रिभुवन विश्व विद्यालय, कीर्तिपर**

हाम्रो मुलुकमा राजनीतिक दलहरु आन्दोलन गर्न त सफल छन् तर आन्दोलनको उपलब्धि लाई संसथागत गर्न सफल छैनन् । आन्दोलनताका राजनीतिक दलहरु, नागरिक समाज लोकतान्त्रिक गणतन्त्र नेपाल बनाउने एकताको सोचमा आबद्ध थिए तर आज ति आफै आफैमा विभाजित भएको अवस्थामा छ । अहिले हाम्रो समाज पनि राजनीतिक रुपमा विभाजित छ । जसलाई जोड्न आवश्यक छ । मधेसको पिडा समावेशिकरण र मेलमिलापको माग हो । जसलाई सम्बोधन गर्न आवश्यक थियो । त्यसलाई समयमै सम्बोधन गर्न नसक्दा अहिले यति धेरै बिथोलिएर गएको छ कि यो कुनै एउटा संगठनसँग वार्ता गरेर मात्र समस्या समाधान हुन सक्दैन ।

नेपालको शान्ति प्रकृया अहिले खतरनाक अवस्थामा रहेको छ । यसको भविष्य दल, राज्य तथा नागरिक समाजको हातमा रहेको छ । अहिलेको नेपालको अवस्था समुन्द्रमा फसेको डुङ्गा जस्तो छ । आठ दलको कृयाकलाप जहाज भित्र सुरक्षित ठाउँ खोज्ने प्रयास जस्तो देखिन्छ । ति सबै यदी एउटै कुनामा जम्मा हने अवस्था सृजना भएमा डुङ्गा असुन्तलित भएर पल्टन्छ ।

विगतमा माओवादीले आफ्ना कार्यकर्ताहरुलाई दिएको शिक्षा भनेको एक्लै दौडेर जित्ने शिक्षा हो । तसर्थ आज उ खुला राजनीति र समाजमा प्रतिष्पर्धामा सहजै उत्रन सक्ने अवस्था छैन ।

**भरत मोहन अधिकारी**
**ने.क.पा. एमाले**

संविधान सभा नै प्रत्येक नेपाली नागरिकहरुको माग हो । संविधान सभा सबै नेपाली नागरिकको अधिकार हो । आफ्नो कानुन आफै बनाउने प्रजातान्त्रिक अभ्यास हो । तर असन्तुष्ट पक्षका मागहरु सम्मानजनक रुपमा सम्बोधन गर्ने र राजनीतिक सम्झौता भएका कुराहरु लागु हुन सक्यो भने मात्र सार्थक संविधान सभाको निर्वाचन सम्भव छ ।

युवा विद्यार्थीहरुले चाह्यो भने मंसिर ६ गते संविधान सभाको निर्वाचन सम्भव हुन्छ । कसैले रोक्न सक्दैनन् भन्ने युवा विद्यार्थीहरुको अठोठ सराहनिय छ । तराईका विद्यार्थी नेताहरु समेत संविधान सभाको निर्वाचन हुन्छ भन्छन् भने हामी राजनीतिक दलका नेताहरुले काठमाण्डौमा बसेर संविधान सभाको निर्वाचन हुन सक्दैन भनेर व्यक्तव्य वाजी गर्न मिल्दैन ।

संविधान सभालाई सफल बनाउन यस्ता कोठे कार्यक्रमहरु मात्र प्रयाप्त हुदैनन् । सचेतना बृद्धि गर्ने कार्यक्रमहरु राजनीतिक दल, नागरिक समाज तथा अन्तरराष्ट्रिय समुदाय र युवाहरु एकजुट भएर अगाडी बढ्नु पर्दछ, यसैमा देशवासीको हित रहेको छ ।

Graeme Lade, Australian Ambassador to Nepal

सबै भन्दा पहिले म अहिले चलेको हिंसालाई हतोत्साही गर्दछु । देशको राजनीतिक तथा समग्र विकासको लागि सबै भन्दा पहिले आर्थीक विकास हुन जरुरी छ । आउदो संविधान सभा नेपाली जनता तथा देशको भविष्य निर्माण गर्ने एउटा माध्यम हो । त्यसकारण हाम्रो भविष्यलाई सुखद बनाउदा संविधान सभालाई सम्पन्न गराउन पर्दछ ।

**Bill Martin**
**Political/Economic Chief of US Embassy Kathmandu**

तपाईको भविष्य तपाईको हातमा छ । युवाहरु देशका बलियो खम्बा हुन् । हामी अमेरिकी जनता तपाईको संविधान सभाको निर्वाचनमा सक्दो सहयोग गर्ने छौ । विभिन्न देशमा भएको संविधान सभा निर्वाचन केहि समयमा नै भएको छ भने केहि धेरै समय लाएर भएको छ र मलाई लाग्छ नेपाली जनता हरुले समयमा नै संविधान सभा निर्वाचन गर्नेछ । हामी आशा गछौ संविधान सभा निर्वाचन सबै समुदायको सहभागी हुनेछ ।

**कपिल श्रेष्ठ**
**प्राध्यापक, त्रिभवन विश्व विद्यालय**

आजको कार्यक्रममा व्यक्त विचार युवा विचार मात्र होइन युवाहरुको वैचारिक परिपक्कता पनि हो । तसर्थ म खुसी छु कि नेपालको भविष्य सुखद् छ । यति धेरै जानकार हुदा पनि आवजहरु, विचारहरु गुम्सिएका छन् । यो देशका युवाहरुलाई धर्म, जात, सम्प्रादायको रुपमा अगाडी बढाउने र फुटाउने कार्य भइरहेको छ । आज युवाहरु यसको विरुद्ध अगाडी बढ्न आवश्यक छ । जसरी यहा कार्यक्रम भएको छ , यो उर्जा लिएर युवाहरु संविधान सभाका दलहरुलाई खबरदारी र जन सचेतना कार्यक्रम लिएर गाउँ-गाउँमा जान आवश्यक छ ।

नेपालको दु:ख राजनीतिक नेतृत्वको Vaccume हो । तर राजनीतिक व्यवस्था, कृयाकलाप र निर्णयका वाहक भनेका पनि राजनैतिक नेताहरु नै हन् । त्यसैले तपाई युवा विद्यार्थीहरु दलिय राजनीतिमा लाग्नुहोस तर दलिय दासता र संकिर्णताबाट मुक्त हुनुहोस् ।

**निश्कर्ष**

"आउदो संविधान सभाको निर्वाचनमा र शान्ति सुरक्षामा युवा विद्यार्थी, नागीरक समाज, राजनीतक दल र अन्तरराष्ट्रिय समुदायको भूमिका" विषयक एक दिने गोष्ठि काठमाण्डौको Raddison Hotel, Kathmandu मा सफलतापूर्वक सम्पन्न भयो । सहज वातावरणमा युवा विद्यार्थी तथा विभिन्न दलका नेताहरुको उपस्थितीमा भएको यस कार्यक्रमको निश्कर्षलाई यहा तल प्रस्तुत गरिएको छ :-

* सरकारले मुलुकमा Law And Order बहाली गर्नु पर्दछ ।

* मूलधारका राजनीतिक दलहरुले मधेसी, जनजाति, महिला, दलितहरुको भावना, माग र असन्तुष्ति हरुलाई आफ्नो राजनीतिक एजेण्डामा प्राथमिकताका साथ उठाउनु पर्दछ साथै राज्य र सरकारले पनि बेलैमा समस्या समाधानको लागि पहल र सम्बोधन गर्नुपर्छ ।

* तोकिएको मितिमा संविधान सभा निर्वाचन हुनै पर्दछ ।

* संविधान सभा निर्वाचन अगाडी द्वन्द्वमा सहभागी सबै पक्षहरु बिच सद्भाव र मेलमिलापको वातावरण बन्नु पर्दछ ।

* संविधान सभाको तयारी र प्रक्रिया साथै संघिय लोकतान्त्रिक नयाँ नेपाल राजनीतिक दलहरु स्पष्ट हनु पर्छ र सार्थक संविधान सभा मार्फत नयाँ नेपाल निर्माण गर्न राजनीतिक दल, नागरिक समाज, युवा र अन्तराष्ट्रिय समाज एकजुट भएर गाउँ-गाउँमा राजनीतिक सचेतनाका कार्यक्रमहरु लैजान पर्छ ।

* आफु जित्ने परिस्थिती निर्माण नभएर चुनावमा नजाने केहि राजनीतिक दलको सोच Autocracy नै हो ।

* माओवादी सित राजनीतिक दलहरुको यात्रा शान्तिको यात्रा हो, त्यसैले यस प्रति राजनीतिक दल तथा माओवादी उदार र प्रतिबद्ध हुनु पर्दछ ।

* मधेसी, जनजाति, दलित, महिलाहरुको भविष्य र नँया नेपालको सम्बन्ध संविधान सभाको सफलता सँग सम्बद्ध छ । त्यसैले सबै जाति, वर्ग र पिछडिएका वर्गहरुले नँया युग निर्दिष्ट गर्ने विचारका साथ राजनीतिक दल, मधेसी, जनजाति, दलित, महिला र युवा विद्यार्थीहरु एकिकृत रुपमा अगाडी बढ्न आजको आवश्यकता हो ।

* आजसम्म नेपालमा भएका सबै किसिमका आन्दोलनहरु संविधान सभा मार्फत संस्थागत हुनै पर्दछ ।

* ने.क.पा. माओवादीले आफ्नो कार्यकर्ताहरुलाई खुला राजनीति र समाजमा प्रतिस्पर्धामा सहजै उत्रन सक्ने किसिमको राजनीतिक सचेतना मुलक प्रशिक्षण दिनु पर्दछ ।

* यो देशका युवाहरुलाई जात, धर्म, सम्प्रदायको रुपमा अगाडी बढाउने र फुटाउने कार्य भइरहेको छ । आज युवाहरु यसको विरुद्ध अगाडी बढ्न आवश्यक छ ।

* नेपालमा राजनीतिक अस्थिरताको कारण राजनीतिक नेतृत्वको Vaccum नै हो ।

* राजनीतिक व्यवस्था, कृयाकलाप र निर्णयका बाहक भनेका पनि राजनीतिक नेताहरु नै हन् । त्यसैले युवा विद्यार्थीहरु दलिय राजनीतिमा समावेश त हुनै पर्दछ । तर दलिय दासता र संकिर्णता बाट मुक्त पनि हुनै पर्दछ ।